# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः९ संख्याः४ मितिः२०८२/०६/२९

### भाग २

**राप्ती गाउँपालिका, दाङ**

**कार्यपालिकाबाट स्वीकृतः२०८२/०६/०८**

# राप्ती गाउँपालिकाको योजना जाँचपास तथा फरफारक कार्यविधि ,२०८२

**प्रस्तावनाः**

राप्ती गाउँपालिकाबाट संचालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, पारदर्शि, प्रभावकारी र प्रचलित कानून वमोजिम सम्मत किसिमवाट सम्पन्न गरी फरफारक गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"राप्ती गाउँपालिकाको योजना जाँचपास तथा फरफारक कार्यविधि ,२०८२"** रहेको छ।

(२) यो "कार्यविधि" कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ख) **"फरफारक समिति"** भन्नाले योजना तथा कार्यक्रम जाँचपास तथा फरफारक समिति सम्झनु पर्छ।

ग) **"कार्यक्रम"** भन्नाले गाउँपालिकाबाट संचालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले गैर–सरकारी संस्था एवम् सामुदायिक संस्थाबाट संचालित कार्यक्रम समेतलाई जनाउँछ।

घ) **"कार्यपालिका"** भन्नाले राप्ती गाउँ कार्यपालिका सम्झनु पर्छ।

ङ) **"नागरिक समाज"** भन्नाले गाउँपालिका क्षेत्रभित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि कृयाशिल संस्था वा व्यक्ति सम्झनु पर्छ।

च) **"प्रतिवेदन"** भन्नाले समितिबाट पेश गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ।

छ) **"योजना"** भन्नाले गाउँपालिकाबाट संचालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले गैर सरकारी संस्था एवम् सामुदायिक संस्थाबाट संचालित विकास निर्माण कार्य समेतलाई जनाउँछ।

ज) **"सुपरिवेक्षण"** भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेक जाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्छ।

झ) **"संयोजक"** भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

## परिच्छेद २
## समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**३. योजना तथा कार्यक्रम फरफारक समितिः**

(१)गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमहरुलाई नतिजामूखी , गुणस्तरिय वनाई योजना भुक्तानी प्रकृयालाई सहज तुल्याउन र प्रभावकारी सेवा प्रवाह उपलव्ध गराउन गाउँपालिका स्तरमा गाउँपालिका अध्यक्षको संयोजकत्वमा तपसिल वमोजिमका सदस्यहरु रहेको एक योजना तथा कार्यक्रम फरफारक समिति रहनेछ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) कार्यपालिकाले तोकेका एक जना महिला सहित वडाध्यक्ष वा गाउँसभा सदस्यहरु मध्येबाट तीन जनाः सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

घ) कार्यपालिकाले मनोनयन गरेको अधिकृत स्तरको कर्मचारीः सदस्य

ङ) भौतिक पूर्वाधार शाखा प्रमुख सदस्य

च) योजना शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले तोकिएको शाखाको अन्य कर्मचारी वा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछन्।

(४) योजना तथा कार्यक्रम फरफारक गर्दा सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन वा सुपरिवेक्षणमा संलग्न कर्मचारीलाई सहभागी गराउनु पर्नेछ।

(५) प्रचलित कानूनको अधिनमा रहि समितिका पदाधिकारी र आमन्त्रित सदस्यहरुलाई बैठक भत्ता र आवश्यकताअनुसार खाना/खाजा उपलव्ध गराउन सकिनेछ।

**४. समितिको काम कर्तव्य र अधिकारः**

(१) योजना तथा कार्यक्रम फरफारक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) गाउँपालिका तथा वडास्तरिय अनुगमन तथा मुल्याङ्कन समितिबाट प्राप्त प्रतिवेदनको आधारमा योजनाहरुमा विनियोजित रकम पूर्ण रुपमा वा आंशिक रुपमा भुक्तानी दिने वा भुक्तानी नदिने सम्वन्धमा निर्णय गरी गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने।

(ख) जाँचपास तथा फरफारक गर्ने प्रकृया पुगी प्राप्त भएका योजना तथा कार्यक्रमहरुको आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्ने र फरफारक गर्ने।यसरी जाँचपास तथा फरफारक भएका योजनाहरुको अन्तिम किस्ता रकम निकासाको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने।

(ग) योजना तथा कार्यक्रम जाँचपास तथा फरफारक कार्यलाई प्रभावकारी बनाउन आवश्यक्ता अनुसार समितिका क्रियाकलापहरुमा विज्ञहरुलाई संलग्न गराउने,

(घ)आफूले गरेका विभिन्न आयोजना तथा कार्यक्रमहरुको जाँचपास तथा फरफारक सम्वन्धि प्रतिवेदन कार्यपालिकाको बैठकमा बार्षिक रुपमा पेश गर्ने र गाउँसभावाट अनुमोदन गर्ने।

(ङ) योजना तथा कार्यक्रम संचालनका क्रममा गाउँसभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने /गराउने।

(च) आयोजना तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(छ) आयोजना तथा कार्यक्रमको जाँचपास तथा फरफारकको क्रममा कुनै हिना मिना, अनियमितता वा तोकिएको गुणस्तर र परिमाण नभएको व्यहोरा यकिन हुन आएमा आवश्यक कारबाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने,

**५. योजना तथा कार्यक्रम फरफारक समितिको बैठकः**

योजना तथा कार्यक्रम फरफारक समितिको बैठक गाउँपालिका तथा वडास्तरिय अनुगमन तथा मुल्याङ्कन समितिबाट प्रतिवेदन प्राप्त भए पश्चात भुक्तानी हुनुपूर्व बस्नु पर्नेछ ।यसरी वैठक बस्दा कम्तीमा दुई दिन अगाडि वैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

**६. समितिको प्रतिवेदनः** (१) योजना तथा कार्यक्रम जाँचपास तथा फरफारक समितिले अनुसूची १ वमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नेछ।

(२) योजना तथा कार्यक्रम फरफारक समितिले आवश्यक ठानेमा उपदफा १ वमोजिमको प्रतिवेदन अनुमोदनको लागि कार्यपालिकामा पेश गर्न सक्नेछ । कार्यपालिकामा पेश गर्ने भनि निर्णय भएको अवस्था बाहेक फरफारक समितिको प्रतिवेदनको आधारमा भुक्तानी प्रकृया अगाडी बढाउन सकिनेछ।

(३) समितिको निर्णयप्रति समितिका सदस्यहरु सामुहिक रुपमा कार्यपालिका र गाउँसभाप्रति प्रत्यक्ष रुपमा उत्तरदायी हुनेछन् । उपदफा १ र २ वमोजिम फरफारक समितिको प्रतिवेदन पेश भए पश्चात योजना भुक्तानी भएकै कारणबाट प्रचलित कानून बमोजिम कुनै पनि निकायमा जवाफ दिनुपर्ने भएमा समिति पूर्ण रुपमा जिम्मेवार हुनेछ।

## परिच्छेद ३
## विविध

**७. जिम्मेवारी तोक्नुपर्नेः** (१) कार्यालयले यस कार्यविधि बमोजिम गरिने जाँचपास तथा फरफारक सम्बन्धी कार्यको समन्वय, सहजीकरण, कार्यान्वयन र अभिलेख व्यवस्थापन सम्बन्धी कार्यका लागि योजना शाखालाई जिम्मेवारी तोक्नु पर्नेछ।

**८. संशोधन वा हेरफेरः** कार्यपालिकाले समितिसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**अनुसूची १**

**दफा ६ को उपदफा १ संग सम्वन्धित**

**राप्ती गाउँपालिका**

**लुम्बिनी प्रदेश, नेपाल**

**<u>योजना तथा कार्यक्रम फरफारक समितिको प्रतिवेदन</u>**

राप्ती गाउँपालिकाको .........औँ गाउँसभाले पारित गरी आर्थिक बर्ष ............ मा गाउँपालिका भित्र संचालन भएका तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरुको फरफारक गरी भुक्तानीको लागी पेश गरिएको छ ।(भुक्तानी दिन मनासिव देखिएको वा नदेखिएको कैफियतमा खुलाउने)

तपसिलः

| क्र सं | योजनाको नं | योजनाको नाम | कार्यान्वयन स्थल | विनियोजित रकम | सम्झौता रकम | पेश्की वा रनिङ विलको रकम | भुक्तानीको लागि स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

योजना तथा कार्यक्रम फरफारक समितिको बैठकका प्रस्ताव तथा निर्णयहरुः

प्रस्ताव नं १. उल्लेखित आयोजनाहरुको भुक्तानी गर्ने सम्वन्धमा ।

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा अनुगमन समितिको प्रतिवेदन, प्राविधिक शाखाको मुल्याङ्कन र प्राप्त कागजातको आधारमा अध्ययन गर्दा माथि उल्लेखित बरावरको रकम भुक्तानी दिन मनासिव रहेको/ नरहेको निर्णय गरियो ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत